जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १९२ २०७९ साल फागुन १७ गते बुधबार (1 Mar. 2023 Wednesday) मूल्य रु. ५/-





**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : रासायनिक मलको माग... ३ पृष्ठमा : देशभरका क्याम्पसमा निर्वाचनसमिति... ३ पृष्ठमा : इटालीमा त्रिसट्ठी जना ...

# स्कारपियो र बोलेरो ठोक्किदा दुईको मृत्यु, १२ जना घाईते

# भारतीय नम्बर कारको ठक्करबाट एकको ज्यान गयो







**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

सप्तरीको छुट्टाछुट्टै दुई स्थानमा सोमबार राती भएको सवारी दुर्घटनामा परि तीन जनाको मृत्यु भएको छ भने एक दर्जन व्यक्ति घाइते भएका छन् ।

पुर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाको कंचनरुप नगरपालिका ९ विष्णु मन्दिर सडक खण्डमा सोमवार मध्यराती दुई सवारी साधन एक आपसमा ठोक्किदा दुई जनाको घट्नास्थल मै मृत्यु भएको छ भने दुर्घटनामा १२ जना घाइते भएका छन् ।

राती २ बजेतीर पुर्वबाट पश्चिम तर्फ जादै गरेको बा.१८च. ६६१७ नम्बरको स्कारपियो र विपरित दिशाबाट घोडा लोड गरी आउँदै गरेको प्र.२-०२-००१च.०७४६ नम्बरको बोलेरो एक आपसमा ठोक्किएर सो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

मृत्यु हुनेमा स्कारपियोमा सवार सुनसरीको दहवी नगरपालिका ३ वस्ने ४० वर्षिय हरेराम साह हलुवाई र ४२ वर्षिय राज कुमारी चौधरी छन् । दुर्घटनामा घाईते भएका १२ जनाको स्थानीय धर्मेश्वर अस्पतालमा उपचार पश्चात् थप उपचारका लागि बिराटनगर पठाइएको तथा सो घट्नामा २ वटा घोडा समेत मरेको प्रहरीले जनाएको छ ।

मृतकको शव पोस्टर्माटमका लागी गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइ दुर्घट्ना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाकै हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहा सोमबार राती भारतीय नम्बरको कारको ठक्करबाट एक अपरिचित पैदल यात्रुको मृत्यु भएको छ ।

प्रहरीका अनुसार पश्चिमबाट पुर्वतर्फ आउदै गरेको जि.जे.१०बी.जि.८१३३ नम्बरको भारतीय नम्बरको कारले नाम, थर, वतन नखुलेको ३५ वर्षिय पुरुषलाई ठक्कर दिएको हो ।

ठक्कर पश्चात् गम्भिर घाईते भएका उनलाई उपचारको लागी भारदह अस्पतालमा भर्ना गरिएकोमा उपचारकै क्रममा राती नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ठक्कर दिने कार र कार चालक भारतको बिहार राज्य सुपोल जिल्ला भिमनगर बस्ने ४९ वर्षिय राहुल सिंहलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ ।

## मोटरसाइकलको ठक्करबाट बालिकासहित तीन घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

सप्तरीको दुई स्थानमा भएको मोटरसाइकल दुर्घटनामा एक बालिकासहित तीन जना घाइते भएका छन् ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ रामपुरा चौकस्थित मोटरसाइकलको ठक्करबाट एक बालिका घाइते भएकी छिन् ।

हनुमाननगरबाट रम्पुरातर्फ जादै गरेको प्र.१-२-०२-०५प०१३५ नम्बरको मोटरसाइकलले ठक्कर दिदा स्थानिय ९ वर्षिया मनिसा कुमारी साह घाइते भएकी हुन् ।

प्रहरीका अनुसार ठक्करबाट मनिसाको टाउको, बाँया हात, दुबै खुट्टमा चोट र दुई वटा दात भाचेको छ । उनलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराजमा भर्ना गरिएको तथा मोटरसाइकललाई नियन्त्रणमा लिई फरार रहेका चालकको खोजिकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ सुन्दरपुर पातो कठौना सडक खण्डमा मोटरसाइकलले ठक्कर दिदा एक साइकल यात्री र मोटरसाइकल चालक समेत घाइते भएका छन् ।

ब्रहम्पुरतर्फ जादै गरेको स.४प.६०६० नम्बरको मोटरसाइकलले सोही दिशा आउदै गरेको पदैल यात्रीलाई स्थानिय मुसहरी टोल निवासी ६० वर्षिय रामदेव सदालाई ठक्कर दिएको हो ।

प्रहरीका अनुसार ठक्करबाट सदाको दाहिने तिग्रा, दुबै हात र टाउकोमा चोट लागेको तथा मोटरसाइकल चालक डाक्नेश्वरी ७ ब्रहम्पुर निवासी ५० वर्षका बिजय मोहन चौधरीको दुबै घुडा र दूबै हातमा चोट लागेको छ ।

दुबैलाई उपचारका लागि उमाकान्त कल्पना मेमोरियल अस्पताल पातोमा भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## कुटपिटबाट महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

सप्तरीको महदेवा गाउँपालिकामा रक्सी खाएर कुटपिट गर्दा एक महिला घाइते भएकी छिन् ।

सो गाउँपालिका ८ भगवानपुर निवासी ५४ वर्षिय सरोज मण्डलले रक्सी खाई छिमेकी ४२ वर्षिया गिता देवी मण्डललाई कुटपिट गर्दा घाइते भएकी हुन् ।

उनको वाँया आँखाको डिल र टाउकोमा चोट लागेपनि अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । उनको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको तथा फरार रहेकाको खोजी कार्यभइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## जसपा छानबिन समितिले प्रतिवेदन बुझाउँदै

काठमाडौं, १६ फागुन (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालद्वारा गठित छानबिन समितिले आफ्नो प्रतिवेदन बुझाउने तयारी गरेको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा अन्तर्घातको आरोप लागेकाहरूमाथि छानबिन गरी तयार पारिएको प्रतिवेदन पार्टीलाई बुझाउन लागिएको बताइएको छ ।

गत पुसमा सम्पन्न राजनीतिक समितिको बैठकले कार्यकारिणी समिति सदस्य

***बाँकी अन्तिम पृष्ठमा***

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### घटना न्युनिकरणका लागि जनचेतनामूलक अभियान आवश्यकता

सप्तरीमा अहिले दिनहुँ जसो झै-झगडा, आत्महत्या, कुटपिटका घटनाहरु सार्वजनिक भइरहेको छ । विगत एक सातादेखी यस्ता घटनाहरु दिनहुँ भइरहेका छन् । छिमेकी छिमेकीबीच, आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झै-झगडाका घटनाहरु भइरहेको प्रहरी तथ्याङकले देखाएको छ । यस्ता घटनाले सामाजिक सदभाव तथा आपसी भाइचारा खलबलाउन सक्ने सम्भावना समेत बढेको छ । त्यस्तै जिल्लामा आत्महत्याका घटनाहरु पनि उत्तिकै बढेको छ । घरायसी विवाद, व्यापार घाटा, बैदशिक रोजगारीमा असफल, बित्तिय संस्थाको ऋण, प्रेममा असफल तथा पति पत्निबीचको द्वन्दले यस्ता घटनाहरु भइरहेको प्रहरीको अर्को तथ्याङकले देखाउछ । यसैगरि कुटपिटका घटनाहर पनि केही दिनदेखी बढेर गएको छ । कुनै न कुनै वहानामा तथम छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले यस्ता घटनाहरु भइरहेको छ ।

यी तीनै घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेको छ । यस्ता घटनाहरुलाई निरुत्साहित गर्न समाजिक स्तरबाटै उपाय खोज्नु पर्ने आवश्यकता रहेको छ । यस्ता घटनाले व्यक्ति व्यक्तिबीच द्वन्द र परिवारको सुःख, समृद्धिमा निरास मात्र उत्पन्न गराउने गर्दछ । यसका लागि समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सकिए पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ ।

तसर्थ प्रहरीको एकल प्रयासले मात्र यस्ता घटनाहरु न्युनिकरण हुन नसक्ने निष्कर्षका साथै सम्पूर्ण सरोकारवाला निकाय, स्थानिय तहका पदाधिकारी लगायतले गम्भिरतापूर्वक जनचेतनामूलक अभियान चलाउनु पर्ने आवश्यकता देखिन्छ ।

# रासायनिक मलको माग अत्यधिक

वीरगञ्ज, १६ फागुन (रासस) ।

आगामी वर्ष पनि धानखेतीका समयमा पुनः रासायनिक मलको अभाव हुने भएको छ ।

मलखाद खरिदको प्रक्रिया लामो र धेरै समय लाग्ने भएकाले तत्काल मल खरिदका लागि बोलपत्र प्रक्रिया सुरु नगरिए आगामी असार, साउन र भदौमा मलखादको अभाव हुने कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ । कम्पनीलाई मधेस प्रदेश प्रादेशिक कार्यालय वीरगञ्ज पर्सामा चालु आर्थिक वर्ष २०७९/८० को सात महिनामा एक लाख ३० मेट्रिक टन रासायनिक मल प्राप्त भएको छ ।

चालु आवको साउनदेखि माघसम्ममा ९० हजार मेट्रिक टन युरिया र ४० हजार मेट्रिक टन डिएपी मल प्राप्त भएको कार्यालयका प्रमुख चन्द्रप्रसाद चम्लागाईंले जानकारी दिनुभयो । तीस हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डिएपी मल आउने क्रममा रहेको र केही दिनभित्रै आइपुग्ने उहाँको भनाइ छ ।

यसबाहेक थप २०-२० हजार युरिया र डिएपी खरिदका लागि बोलपत्र स्वीकृत गर्ने प्रक्रियामा रहेको र सो बोलपत्र स्वीकृत भएर मल आए पनि मलको माग अत्यधिक रहेकाले त्यो २०८० जेठसम्म मात्र धान्न सकिने प्रमुख चम्लागाईंले बताउनुभयो ।

"अहिलेसम्म युरिया र डिएपी गरी एक लाख ३० हजार मेट्रिक टन मल आइसक्यो, ५० हजार मेट्रिक टन मल आउने क्रममा छ र ४० हजार मेट्रिक टन मल बोलपत्र स्वीकृत प्रक्रियामा छ", उहाँले भन्नुभयो, "हामीकहाँ आइसकेको, आउने क्रममा रहेको र बोलपत्र खरिद प्रक्रियामा रहेको मल सबै आयो भने पनि त्यो जेठसम्म मात्रै पुग्ने देखिन्छ ।" थप मलका लागि अहिले नै प्रक्रिया सुरु नगरिए धानखेतीको समयमा मलको अभाव हुनसक्ने प्रमुख चम्लागाईंको भनाइ छ ।

"धानखेतीको मुख्य सिजन असार, साउन र भदौमा रासायनिक मलको माग अत्यधिक हुन्छ, त्यो बेलासम्म अहिले प्राप्त भएको वा आउन लागेको मलले पुग्ने देखिँदैन, त्यसैले धानखेतीको समयमा चाहिने आवश्यक मल खरिदका लागि अहिले नै प्रक्रिया सुरु गर्नुपर्छ", उहाँले भन्नुभयो ।

मल खरिदको बोलपत्र प्रक्रिया लामो हुने भएकाले समयमै सुरु नगरिए समयमा मल नआउने र धानखेतीको समयमा मलको हाहाकार हुनसक्ने प्रमुख चम्लागाईंको कथन छ । जिटुजीमार्फत खरिद भएको रासायनिक मल प्राप्त भएलगत्तै जिल्ला-जिल्लामा मल पठाउन थालिएको सो कार्यालयले जनाएको छ ।

रासायनिक मलको अभाव हुन नदिन मल प्राप्त भएलगत्तैबाट मलखाद बाँडफाँट भएअनुसार जिल्ला-जिल्लामा मल पठाउँदै आएको प्रमुख चम्लागाईंले बताउनुभयो । चालु आव २०७९/८० मा आएको मलमध्ये मधेस प्रदेशको आठवटा जिल्लामा युरिया, डिएपी र पोटास गरी ४२ हजार एक सय २२ मेट्रिक टन रासायनिक मल वितरण गरिएको छ ।

सो कार्यालयका अनुसार पर्सा जिल्लामा युरिया तीन हजार चार सय ५० मेट्रिक टन, डिएपी दुई हजार ६० मेट्रिक टन र पोटास चार सय मेट्रिक टन र बारामा युरिया तीन हजार चार सय ८६ मेट्रिक टन, डिएपी एक हजार सात सय ३२ मेट्रिक टन र पोटास एक सय ८५ मेट्रिक टन मल वितरण गरिएको छ ।

यस्तै धनुषामा युरिया चार हजार नौ सय ५५ मेट्रिक टन, डिएपी दुई हजार तीन सय पाँच मेट्रिक टन र पोटास दुई सय २२ मेट्रिक टन, महोत्तरीमा युरिया दुई हजार तीन सय २३ मेट्रिक टन, डिएपी एक हजार तीन सय २१ मेट्रिक टन र पोटास एक सय ७४ मेट्रिक टन, सर्लाहीमा युरिया चार हजार एक सय ३६ मेट्रिक टन, डिएपी एक हजार नौ सय २९ मेट्रिक टन र पोटास दुई सय ३५ मेट्रिक टन तथा रौतहटमा युरिया तीन हजार ४५ मेट्रिक टन, डिएपी एक हजार चार सय ४१ मेट्रिक टन र पोटास एक सय ६५ मेट्रिक टन मल वितरण गरिएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका सूचना अधिकारी आलोक कुमारले जानकारी दिनुभयो ।

सो अवधिमा सिरहामा युरिया एक हजार सात सय ५० मेट्रिक टन, डिएपी एक हजार सात सय ४४ मेट्रिक टन र पोटास दुई सय ८५ मेट्रिक टन र सप्तरीमा युरिया एक हजार सात सय पाँच मेट्रिक टन, डिएपी एक हजार ४० मेट्रिक टन र पोटास ३४ मेट्रिक टन वितरण गरिएको प्रमुख चम्लागाईंको भनाइ छ ।

मुलुकभर करिब सात लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता रहे पनि हाल मागको करिब ५० प्रतिशत पनि आपूर्ति हुन नसक्दा बर्सेनि मलको हाहाकार हुने गरेको उहाँले बताउनुभयो । मागबमोजिम आपूर्ति नभए पनि अघिल्लो आव २०७८/७९ को तुलनामा चालु आव २०७९/८० मा बढी मल आएको जनाएको छ ।

अघिल्लो आव २०७८/७९ मा युरिया ६० मेट्रिक टन र डिएपी ४० मेट्रिक टन मलमात्र आएको थियो । उहाँका अनुसार मधेस प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले मधेस प्रदेशमा वर्षभरिका लागि चार लाख ६३ हजार मल चाहिने भन्दै पत्र पठाएको छ । "यसरी हेर्दा अहिले आइरहेको मल मधेस प्रदेशकै लागि पनि अपुग हुने देखिन्छ", प्रमुख चम्लागाईंले भन्नुभयो, "यस्तो स्थितिमा कसरी मल पुऱ्याउन सकिन्छ, सम्भव नै देखिँदैन ।" त्यसैले बर्सेनि मलको अभाव हुने सम्भाविक नै हो, उहाँको कथन छ ।

सो कार्यालयमार्फत मधेस प्रदेशको आठवटै जिल्ला, बागमती प्रदेशको १० जिल्ला र गण्डकी प्रदेशको तनहुँ, लमजुङ, गोरखा, कास्की, पर्वतलगायतका जिल्लामा रासायनिक मल पठाउँदै आएको छ । बर्सेनि डिएपी र युरिया मलको आपूर्ति कम भएपछि किसानलाई मलखादको समस्या हुने गरेको नेपाल कृषक महासङ्घ मधेस प्रदेशका अध्यक्ष मुक्ति यादवले बताउनुभयो । मागअनुसार मलको आपूर्ति नहुँदा बर्सेनि किसान मलका लागि डिलरहरू चहार्ने गरे पनि सहजरूपमा मल पाउने अवस्था नरहेको उहाँको भनाइ छ ।

# राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका आचारसंहिता लागू हुँदै

काठमाडौँ, १६ फागुन (रासस) ।

निर्वाचन आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि यही फागुन १७ गतेदेखि चैत ५ गतेसम्म कायम रहने गरी निर्वाचन आचारसंहिता, २०७९ जारी गर्ने निर्णय गरेको छ ।

आयोगको २०७९ माघ १६ गतेको निर्णयअनुसार यही फागुन २५ गते राष्ट्रपति र आगामी चैत ३ गते उपराष्ट्रपति पदका लागि निर्वाचन हुँदैछ । संवैधानिक व्यवस्थाअनुसार उक्त निर्वाचनका लागि सङ्घीय संसदमा हाल कायम तीन सय ३२ र प्रदेशसभाका पाँच सय ५० गरी कूल आठ सय ८२ मतदाता रहेको निर्वाचक मण्डल गठन हुनेछ ।

स्वीकृत कार्यक्रमबमोजिम राष्ट्रपतिको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भई यही फागुन १३ गते उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता भइसकेको छ भने आज साँझ ४ बजेसम्म उम्मेदवारले मनोनयनपत्र फिर्ता लिनसक्ने र तत्पश्चात आजै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम छ ।

उक्त निर्वाचनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले आचारसंहिता जारी गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मंगलबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा जनाइएको छ । उक्त आचारसंहिता २०७९ भदौ १३ गतेको नेपाल राजपत्र खण्ड–७२, सङ्ख्या ३२ मा प्रकाशन भइसकेको छ ।

गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि पनि सोही आचारसंहिता लागू भएको थियो । आयोगको निर्णयबमोजिम उक्त आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी एवं सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्था तथा त्यसका कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन, उम्मेदवार तथा उम्मेदवारका प्रतिनिधि, राजनीतिक दल तथा उम्मेदवारको मतदान एवं मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेका व्यक्ति, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी र मतदातालाई लागु हुनेछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# देशभरका क्याम्पसमा निर्वाचनसमिति गठन

काठमाडौँ, १६ फागुन (रासस) । त्रिभुवन विश्वविद्यालय (त्रिवि)को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको लागि देशभरिका क्याम्पसमा स्ववियु निर्वाचन समिति गठन भएको छ । आगामी चैत ५ गते हुने निर्वाचनका लागि उपत्यकासहित देशभरिका त्रिवि आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा स्ववियु निर्वाचन समिति गठन गरिएको छ ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले सबै क्याम्पसले स्ववियु निर्वाचन गर्न निर्वाचन समिति गठन गरेको जानकारी दिनुभयो । प्रत्येक क्याम्पसमा क्याम्पस प्रमुख संरक्षक हुने गरी निर्वाचन समिति गठन गरिएको उहाँले बताउनुभयो ।

उक्त समितिले नै क्याम्पसमा स्ववियु निर्वाचन गराउने छ । त्रिविका सबै आङ्गिक क्याम्पसमा विद्यार्थी कल्याण प्रमुख रहने व्यवस्था छ । यसअघि त्रिविका शिक्षाध्यक्ष प्राडा शिवलाल भुसालको अध्यक्षतामा १६ सदस्यीय स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति गठन गरिसकेको छ । निर्देशनालयका निर्देशक अधिकारीले क्याम्पस गठन गरिएको समिति र क्याम्पस प्रमुखलाई जिल्ला स्थित निर्वाचन आयोगसँग स्ववियु निर्वाचनमा समन्वय गर्न अनुरोध गरिएको बताउनुभयो ।

यस्तै उहाँले स्ववियु निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउन गृहमन्त्रालयमार्फत ७७ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्राचारसमेत गरिएको जानकारी दिनुभयो । "स्ववियु निर्वाचनको सुरक्षा व्यवस्था मिलाउन गृहमन्त्रालयमार्फत ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गरिएको छ," उहाँले भन्नुभयो,"क्याम्पस प्रमुखलाई समेत स्थानीय प्रशासनसँग समन्वय गर्न निर्देशन दिएका छौँ ।" आगामी चैत ५ गते देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुने स्ववियु निर्वाचनको लागि कार्यतालिका समेत सार्वजनिक भइसकेको छ ।

कार्यतालिका अनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ ।

यस्तै कार्यतालिकाअनुसार चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म मतदान तोकिएको छ । प्रत्येक दुई दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखियता नियमित हुनसकेको छैन् । २०६५ साल चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो ।

# सहिदको नाम राजपत्रमा प्रकाशित गर्ने मन्त्रिपरिषद्को निर्णय

काठमाडौँ, १६ फागुन (रासस) सरकारले विभिन्न मितिमा सहिद घोषणा गरेको तर नेपाल राजपत्रमा नामावली प्रकाशन हुन बाँकी रहेकाको नाम राजपत्रमा प्रकाशन गर्ने भएको छ ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले जनयुद्ध, जनआन्दोलन, मधेसलगायतका आन्दोलनमा सहादत प्राप्त गरी सहिद घोषणा गरेका तर राजपत्रमा प्रकाशित हुन बाँकीको नाम राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले ती आन्दोलनमा सहादत प्राप्त गर्नेको नाम घोषणा भए पनि राजपत्रमा प्रकाशित हुन बाँकी रहेकाले उहाँहरुको मात्र नाम राजपत्रमा प्रकाशित गरिने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आन्दोलनमा को-कतिको मृत्युभन्दा पनि के-कतिलाई सहिद घोषणा गरिएको थियो भन्ने आधारमा नाम प्रकाशन हुने छ ।" बैठकले सरकारका सबै निकायका तथ्याङ्क एवं सूचना प्रविधि प्रणाली सरकारी एकीकृत डाटा केन्द्रमा राखी व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रले काठमाडौँमा रहेका सरकारी एकीकृत डाटा केन्द्र तथा हेटौँडामा रहेको डिजास्टर रिकभरी केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गरी २४ घन्टा नेटवर्किङ र साइबर सुरक्षासम्बन्धी प्राविधिकले निगरानी गर्ने व्यवस्था मिलाउने समेत बैठकले निर्णय गरेको छ ।

बैठकले एशियाली विकास बैंकको आयोजनामा फिलिपिन्समा यही फागुन २५ र २६ गते आयोजना हुने मध्यकालीन समीक्षा कार्यक्रममा अर्थमन्त्रालयका सचिव तोयम रायलाई सहभागी हुन स्वीकृत प्रदान गरेको छ । यस्तै नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणालीको कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन डलर बराबरको सहुलियतपूर्ण ऋण सहायता तथा तीन दशमलव ८४ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायतासम्बन्धी सम्झौतालाई अन्तिमरुप दिन वार्ता टोली गठन गर्न बैठकले अनुमति दिएको छ ।

सरकारले कर्णाली कोरिडोर चार सय केभी प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने भएको छ । मन्त्रिपरिषद्ले थाइल्याण्डको बैंककमा यही फागुन २४ र २५ गते भर्चुअल माध्यमबाट आयोजना हुने २३औं बिमस्टेक परराष्ट्रसचिव/वरिष्ठ पदाधिकारीको बैठकमा भाग लिन परराष्ट्र सचिव नेतृत्वको र १९औं बिमस्टेक मन्त्रिस्तरीय बैठकमा भाग लिन परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डल गठन गरेको छ । परराष्ट्रमन्त्री नभएको अवस्थामा उक्त बैठकमा प्रधानमन्त्रीले तोकेका मन्त्रीले भाग लिनुहुनेछ ।

बैठकले कतारको दोहामा सम्पन्न हुने अतिकम विकसित मुलुकको पाँचौं संयुक्त राष्ट्रसंघीय सम्मेलनमा भाग लिन उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलको फागुन १९ देखि फागुन २३ सम्मको भ्रमण स्वीकृत गरेको छ ।

मन्त्री शर्माले स्वीट्जरल्याण्डको जेनेभामा मानवअधिकारसम्बन्धी कार्यक्रममा नेपालको तर्फबाट सहभागी हुने प्रतिनिधिमण्डलमा विज्ञका रुपमा गोविन्द बन्दीको नाम पहिले नै समावेश रहेकाले प्रधानमन्त्रीको सल्लाहकार र विज्ञका रुपमा उहाँले भाग लिनुभएको जानकारी दिनुभयो ।

सरकारले खानीखोला गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माण गर्न काभ्रेपलाञ्चोकको खानीखोला-५ स्थित राष्ट्रिय वन क्षेत्रको छ रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । बैठकले पर्वतीय प्रशिक्षण विकास समिति गठन पाँचौं संशोधन आदेश, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### इटालीमा त्रिसट्ठी जना आप्रवासीको मृत्यु, दर्जनौं बेपत्ता

स्टेक्काटो डि कुट्रो, इटाली (रासस/एपी) ।

इटालीको दक्षिणी तटमा आइतबार भएको डुङ्गा दुर्घटनामा ६३ जना आप्रवासीको मृत्यु भएको छभने दर्जनौं बेपत्ता भएका छन् । उक्त दुर्घटनामा कम्तीमा आठ जना बालबालिकाको ज्यान गएको थियो ।

मध्य समुद्रमा आँधीबेहरीका बीच काठको डुङ्गा फुटेर उक्त दुर्घटना भएको थियो । असी जनाको जीवितै उद्धार गरिएको थियो । एक सय ७० जना बोकेर टर्कीएको समुद्रबाट डुङ्गामा उनीहरू इटालीको समुद्री तटमा पुगेका थिए । दुर्घटनाग्रस्त डुङ्गामा धेरै जना पौडिन नजान्ने थिए ।

तट रक्षक, गोताखोर, सुरक्षाकर्मीलगायत खोज तथा उद्धारमा जुटेका छन् । दुईवटा हेलिकप्टर पनि खोजमा परिचालन गरिएको छ । दक्षिणी सहर क्रोटोनको खेलमैदानमा मृतकहरूको पहिचानका लागि शव राखिएको छ । सरकारी अधिकारीले मृतकका आफन्तहरूलाई दुर्घटनामा परेका प्रियजनको विवरण उपलब्ध गराउन आग्रह गरेका छन् । उनीहरूले खोज तथा उद्धारमा विलम्ब गरिएको आरोपको खण्डन गरेका छन् ।

### देश विकासका लागि युवालाई सक्रिय बनाइने

इस्लामवाद, १६ फागुन (रासस/सिन्ह्वा) ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले पाकिस्तानको विकासका लागि यहाँको युवा बर्गलाई सक्रिय बनाइने बताउनुभएको छ ।

उहाँले देशको विकासका क्षेत्रमा सबै युवालाई सहभागी गराउनका लागि सरकारले विभिन्न कार्यक्रम पनि ल्याउने तयारी गरेको पनि उहाँले जानकारी दिनुभयो ।

पाकिस्तानमा जारी रहेको युवा महोत्सवको अवसरमा उहाँले एक भिडियो सन्देश जारी गर्दै सो कुरा बताउनुभएको हो ।

सो सन्देशमा उहाँले सरकारले देशका सबै युवा बर्गलाई देश विकासको काममा सहभागी र सक्रिय बनाउने योजना बनाएको र त्यसका लागि आवश्यक स्रोतको पनि व्यवस्था गरेको बताउनुभयो ।

देशको विकासमा युवा बर्गको ठूलो योगदान पुग्न सकोस् भनेर सरकारले समावेशी प्रकृतिको युवा नीति ल्याउने र त्यसबाट उनीहरु सक्रिय र जागरुक बन्न सक्ने स्पष्ट गर्नुभयो ।

उहाँले देशको ६० प्रतिशत जनसङ्ख्या युवा रहेको भन्दै यो जनशक्तिको योगदानबाट देशको विकास हुने पनि बताउनुभयो ।

उहाँले पाकिस्तान सरकारले सन् २०२३ लाई युवा वर्षका रुपमा मनाइरहेको र यस वर्ष युवाका हक अधिकारको रक्षाका लागि पनि विभिन्न कार्यक्रम ल्याउने बताउनुभयो ।

### कारबाहीमा इस्लामिक स्टेट्सका कमाण्डर मारिए

काबुल, १६ फागुन (रासस/एएफपी) ।

अफगानिस्तानको राजधानीमा कूटनीतिकनियोग विरुद्ध हमला गर्ने योजना बनाएको कथित इस्लामिक स्टेट्स कमाण्डरलाई तालिबान सेनाले मारेको एक सरकारी अधिकारीले बताएका छन् ।

अगस्ट २०२१ मा तालिबानले सत्ता कब्जा गरेपछि अफगानिस्तानमा हिंसा नाटकीयरूपमा घटेको छ ।

तालिबान सेनाले आइएसका क्षेत्रीय गुप्तचर तथा सञ्चालन प्रमुख कारी फतेहलाई आइतवार राति गरेको एक कारबाहीको क्रममा मारिएका तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले एक विज्ञप्तिमा भन्नुभएको छ ।

फतेहले "काबुलमा कूटनीतिक नियोग, मस्जिद र अन्य लक्ष्य विरुद्धको हालैका कारबाही प्रत्यक्षरूपमा मास्टरमाइन्ड गरेका थिए", मुजाहिदले विज्ञप्तिमा थप जानकारी दिनुभएको छ ।

विज्ञप्तिमा भनिएको छ, काबुलको खैर खाना क्षेत्रमा रहेको अर्को एक कारबाहीमा एक अन्य आईएस सदस्य मारिएका छन् । उक्त छिमेकका बासिन्दाहरूले आइतबार राति ठूलो आवाजमा गोली चलेको जानकारी दिएका थिए ।

### औषधि कारखाना विस्फोटमा परी दुईको मृत्यु

नयाँदिल्ली, १६ फागुन (रासस/सिन्ह्वा) ।

भारतको पश्चिमी राज्य गुजरातमा एक औषधि कारखानामा भएको विस्फोटनमा कम्तीमा दुई जनाको मृत्यु हुनुको साथै अन्य दुई घाइते भएका जनाइएको छ ।

गुजरातको राजधानी गान्धीनगरबाट करिब तीन सय ९८ किलोमिटर दक्षिणमा पर्ने वल्साड जिल्लाको सारिगाममा अवस्थित गुजरात औद्योगिक विकास निगम (जीआईडीसी) मा राति विस्फोट भएको थियो ।

विस्फोटका कारण कारखानामा आगो लगी हुँदा भवनका केही भाग ध्वस्त भएको जनाइएको छ । घटनामा दुई जनाको मृत्यु हुनुको साथै र दुई जना घाइते भएको ती घाइतेलाई अस्पताल लगिएको प्रहरी अधिकारीले जानकारी दिएका छन् ।

# ट्याङकरबाट डिजल चोरी घटनामा एक जना कारागार चलान, दुई जना धरौटीमा छुटे




**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

ट्याङकरबाट डिजल चोरी घटनामा संलग्न रहेका मध्येबाट एक जनालाई अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ भने दुई जना धरौटीमा रिहा भएका छन् ।

ट्याङकरबाट डिजल चोरेर बेच्ने सप्तरीको कञ्चनरुप नगरपालिका ९ बस्ने २९ को नबराज भुजेल पुर्पक्षका लागि कारागार चलान भएका हुन् ।

यस्तै चोरीको डिजल खरीद गर्ने खडक ७ घर भएका भण्डार आयल स्टोरका संचालक ३५ वर्षिय श्याम कुमार साह ५ लाख तथा ट्याङकर चालक कञ्चनरुप ९ का ४५ वर्षिय विनोद कुमार भुजेल १ लाख धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

गत माघ ११ गते बिहान नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगंज डिपो बाराबाट को.१ख. ३६५५ नम्बरको ट्याङकरमा २० हजार लिटर डिजल लोड गरी नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय बिराटनगरतर्फ लैजाने क्रममा सोही दिन साँझ ट्याङकर चोरी भएको थियो ।

उक्त ट्याङकर माघ १५ गते बिहान ९ बजेतिर जिल्लाकै शम्भुनाथ नगरपालिका वडा नं. २ खैरबना भन्ने स्थानमा बेबारिसे अवस्थामा फेला परेको उनले बताए । फेला परेको ट्याङकर चेक जाँच गर्दा ५ वटा च्याम्बरमा रहेको ४ हजार लिटरको दरले २० हजार लिटर डिजल मध्ये ४ वटा च्याम्बर खाली रहेको र एक वटा च्याम्बरमा मात्र डिजल रहेको थियो ।

प्रहरीले माघ १६ गते उनीहरुलाई नियन्त्रणमा लिई चोरी मुद्दा शिर्षक अन्तर्गत मुद्दा चलाएको थियो ।

## जसपा छानबिन ...

शिवलाल थापा नेतृत्वको छानबिन समितिलाई निर्वाचनमा अन्तर्घातको आरोप लागेका केन्द्रीय तहका नेताहरूमाथि छानबिन गर्न माघ मसान्तसम्मको समयसीमा दिएको थियो । तर समितिको आग्रहअनुसार समितिको समयसीमा मंगलबार फागुन १५ गतेसम्मका लागि थप गरिएको थियो ।

समितिले आफ्नो काम सम्पन्न गरी प्रतिवेदन बुझाउन लागेको प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिनुभयो । सप्तरी-२ मा सबैभन्दा बढी अन्तर्घात भएको र त्यहाँ मात्र ३८ जनासँग कार्यदलले सोधपुछ लिएको थियो । सप्तरीका शीर्षनेताहरूले आफ्नै पार्टीका उम्मेदवारलाई हराएको र उहाँहरूसँग लिएको सोधपुछ प्रतिवेदनमा उल्लेख रहेको जनाइएको छ ।

# नयाँ राष्ट्रिय बालबालिका नीतिको मस्यौदा तयार

काठमाडौँ, १६ फागुन (रासस) ।

नेपाल सरकारले राष्ट्रिय बालबालिका नीति, २०७९ को मस्यौदा तयार गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिका नीति, २०६९ लाई खारेज गरी बालअधिकार र बालसंरक्षणका लागि नयाँ र समयसापेक्ष नीति ल्याउन लागेको हो ।

सो मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले मंगलबार आयोजना गरेको कार्यक्रममा उक्त नीतिको मस्यौदामाथि छलफल भएको छ । उक्त नीति मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि लागू हुनेछ ।

मन्त्रालयका सचिव डिल्लीराम शर्माले मन्त्रालयले तयार गरेको मस्यौदामाथि सुझाव दिन आग्रह गर्दै सरकार राष्ट्रिय र अन्तर्राष्ट्रिय बाल अधिकार कानुनको कार्यान्वयनका लागि प्रतिबद्ध भएको बताउनुभयो । मन्त्रालयका सहसचिव यमलाल भुसालले 'बाल अधिकार सुनिश्चित भएको बालमैत्री राष्ट्र निर्माण' भन्ने दीर्घकालीन सोच र 'प्रत्येक बालबालिकाको सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने' लक्ष्यका साथ नयाँ नीतिको मस्यौदा तयार गरिएको जानकारी दिनुभयो । उहाँले बालबालिकासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७८ को कार्यान्वयनका लागि मन्त्रालयबाट स्वीकृत कार्ययोजनाबारे पनि जानकारी गराउनुभएको थियो ।

सिजपका अध्यक्ष राजेश शर्माले नागरिक समाजले सरकारलाई बालअधिकार र शिक्षा अधिकारको कार्यान्वयनमा पूर्ण साथ दिने बताउँदै सरकारलाई सहकार्य बढाउन आग्रह गर्नुभयो ।

# लघुवित्तिय संस्था विरुद्ध प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

लघुवित्तिय संस्था विरुद्ध संघर्ष समिति सप्तरीले मंगलबार राजविराजमा प्रदर्शन गरेका छन् ।

लघुवित्तिय संस्थाको ज्यादती विरुद्ध गरिएको उक्त प्रदर्शनमा सहभागीहरुले राजविराज नगर परिक्रमा पश्चात् स्थानिय जनआन्दोलन चौकमा आयोजित सभामा संस्थाहरुद्वारा लगाइएको सामूहिक ऋण मिनाहा हुनुपर्ने माग गरेका छन् ।

त्यस्तै लघुवित्तिय संस्थाहरु खारेज हुनुपर्ने, आम गरिब किसानहरुलाई निःशुल्क ऋण प्रदान गर्नुपर्ने, आवश्यकता र क्षमतामा आधारित काम र दामको व्यवस्था हुनुपर्ने तथा समाजवादी अर्थतन्त्रको विकास हुनुपर्ने लगायतका माग पनि गरेका छन् ।

आफूहरुको माग सम्बन्धित पक्षले गम्भीरता नदेखाए थप सशक्त रुपमा आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

# प्रधानमन्त्रीलाई थप आठ मन्त्रालयको कार्यभार

काठमाडौँ, १६ फागुन (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले थप आठ मन्त्रालयको कार्यभार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नै सम्हाल्ने गरी तोक्नुभएको छ । प्रधानमन्त्री दाहालको सिफारिसमा राष्ट्रपति भण्डारीले ती मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले नै सम्हाल्ने गरी तोक्नुभएको हो ।

राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यका अनुसार मौजुदा मन्त्रिपरिषद्मा सहभागी रहेका मन्त्रीले सोमबार राजीनामा दिएपछि खाली रहेका मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले नै सम्हाल्ने गरी तोक्नुभएको हो । नेकपा (एमाले)का तर्फबाट सरकारमा सहभागी मन्त्रीले राजीनामा दिएपछि आठ मन्त्रालय खाली छ ।

उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषि तथा पशुपक्षी विकासमन्त्री ज्वालाकुमारी साह, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारणमन्त्री राजेन्द्रकुमार राई, परराष्ट्रमन्त्री डा विमला राई पौडयाल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पदम गिरी, महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरी र रक्षामन्त्री हरिप्रसाद उप्रेतीले राजीनामा दिनुभएको थियो । उहाँहरूले सम्हाल्नुभएको मन्त्रालय अब भने प्रधानमन्त्री दाहालले नै सम्हाल्नु हुने भएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**सार्वजनिक यातायातलाई व्यवस्थित गरौं ।**
- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं ।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं ।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं ।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं ।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं ।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं ।
- ट्राफिक नियमको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*